# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या:- ०८०।०८१
चलानी नम्बर :-

मिति २०८०/११/२२
ने.सं.११४४ सिल्लागा, १० मंगलवार

# सूचना! सूचना!! सूचना!!!

पालुङटार नगरपालिका कृषि विकास शाखा आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार आलु बिउ भण्डारण सहयोग कार्यक्रम अनुरुप स्थानीय स्तरको आलु बिउ कोल्ड स्टोरमा राखे बापतको रकममा अनुदान दिने कार्यक्रम भएको हुँदा आ.व. २०८१/८२ मा आलु खेती गर्न ईच्छुक रही आफैले उत्पादन गरेको आलुको बीउ कोल्ड स्टोरमा राख्न ईच्छुक कृषकहरुले आवश्यक कागजातहरु संलग्न राखि मिति २०८०/१२/०६ गते भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क.सं. | कार्यक्रम विवरण | कार्यक्रम लक्ष्य | कैफियत |
|---|---|---|---|
| १ | आलु बिउ भण्डारण सहयोग कार्यक्रम | २०००० के.जी. | प्रति व्यक्ति बढीमा ४०० के.जी./सामुहिक रुपमा बढिमा १५०० के.जी. बीउ राख्ने कृषकले लालपुर्जाको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्ने, ५० ग्राम आकारको आलु मात्र राख्नु पर्ने। |

आवश्यक कागजातहरु:

- कार्ययोजना सहित अर्को बर्ष आलु खेती गर्ने प्रतिबद्धता सहितको निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, खेती गर्ने जग्गाको लालापुर्जाको प्रतिलिपि, भाँडाको जग्गा भए करार सम्झौताको प्रतिलिपि र वडा कार्यालयको सिफारिस।
- फर्म, समुह, सहकारीको हकमा (दर्ता कागजात, कर चुक्ता र स्थायी लेखा नम्बरको प्रमाणपत्र प्रतिलिपि)।
- समुह,सहकारीको हकमा कार्ययोजना सहितको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि।

पुनश्चः बीउ प्रायोजनको निम्ती भन्डारण गर्न चाहनेले मात्र आवेदन पेश गर्नु पर्नेछ अन्यथा कार्यक्रममा समावेश गरिने छैन, रित नपुगेको निवेदन समावेश गरिने छैन।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत